**बाँसगढी नगरपालिका नगर उपप्रमुख श्री इन्दिरा चौधरीज्यूद्धारा मिति २०८२।०३।०९ गते नगरसभा समक्ष पेश भएको आर्थिक वर्ष २०८२/०८३ को बजेट वक्तब्य**

**यस सम्मानीत सभाका अध्यक्षज्यू, सभाका सदस्यज्यूहरु,**
**राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा आम जनसमुदाय।**

सर्वप्रथम विभिन्न आन्दोलन तथा संघर्षमा जीवन बलिदान गर्नुहुने सम्पूर्ण शहिदहरुप्रति उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। आन्दोलन तथा संघर्षका घाइते, अपाङ्ग, शहिद तथा बेपत्ता परिवार प्रति उच्च सम्मान प्रकट गर्दछु।
यस अवसरमा मलाई बाँसगढी नगरपालिकाको उपप्रमुखको हैसियतले नगरसभाको सत्रौं अधिवेशनको दोस्रो बैठकमा आगामी आर्थिक बर्ष२०८२/०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर प्राप्त भएकोमा म ज्यादै हर्षित छु।
स्थानीय तहको दोस्रो निर्वाचन पश्चात तीन वर्ष जनताको सेवामा समर्पित भई नागरिकको अपेक्षाहरु स्थानीय सरकारले पुरा गर्ने पद्धतिको स्थापना भई यसलाई संघीय लोकतान्त्रिक गणतन्त्रको अवसरको रुपमा लिएको छु।
पूर्वाधार, शिक्षा, स्वास्थ्य, कृषि तथा पशुपंक्षी विकास, स्वरोजगार तथा उद्यमशिलता विकास, वन, वातावरण तथा विपद् ब्यवस्थापन र सुशासन तथा संस्थागत विकासमा प्राथमिकता हुने गरी स्वीकृत भएको आर्थिक बर्ष२०८२/०८३ को नीति तथा कार्यक्रमका आधारमा संघीय सरकार, प्रदेश सरकारसँग समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित रही दिगो विकास, सुशासन र मानवीय पूँजी निर्माण सहितको आर्थिक समृद्धि र न्यायपूर्ण समाज निर्माणमा उत्पादनमुखी र नतिजामुखी शासकीय प्रणालीलाई सुदृढ गर्ने गरी आर्थिक बर्ष २०८२/०८३ को बजेट पेश गरेको छु।

**सभाका अध्यक्षज्यू,**

संघीय लोकतान्त्रिक गणतन्त्रको उपलब्धीको रुपमा महिला, दलित, आदिवासी जनजाती, पिछडिएको क्षेत्र, वर्ग, समुदायका अल्प सङ्ख्यक, खस-आर्य समुदायका साथै श्रमजीवि वर्गका नागरिकहरुको समानुपातिक सहभागीता सुनिश्चित भएको छ। मलाई थाहा छ गरिबीको रेखामुनी रहेका आम नागरिकको पीडा, त्यसैले नागरिक तहबाट महसुस गर्ने र नजिकको सरकारको अनुभूती दिलाउन विकास, सूशासन र सेवाप्रवाहका क्षेत्रमा नागरिकको सहभागिता वृद्धि गर्न स्थानीय सरकार सदैव प्रतिवद्ध रहेको छ।

**"सुन्दर हरियाली र सफा सहर : समृद्ध र समुन्नत बाँसगढी नगर"** भन्ने सोचलाई यथार्थमा परिणत गर्न अन्तर-सरकार, गैर सरकारी संघसंस्था, निजी र सहकारी क्षेत्र समेतलाई परिचालन गरी उपलब्ध स्रोत र क्षमताको उपयोग गर्ने लक्ष्य, उद्देश्य, रणनीति र कार्यनीति विकास गर्न आवश्यक छ।

**सभा अध्यक्ष महोदय,**

चालु आर्थिक वर्षको संशोधित आय अनुमान **रु. ९० करोड ३७ लाख** भएकोमा हालसम्म **रु. ६९ करोड ७३ लाख** खर्च भई **७७ प्रतिशत** प्रगती भएको छ। यस आर्थिक वर्षको हालसम्म चालु तर्फ संशोधित विनियोजन **रु. ५० करोड ८१ लाख** रहेकोमा खर्च **रु. ४० करोड ३४ लाख** भई **७९.५ प्रतिशत** प्रगती भएको छ। चालु आर्थिक वर्षमा पूँजीगत तर्फ संशोधित विनियोजन **रु. ५५ करोड २२ लाख** भएकोमा हालसम्म **रु. २९ करोड ९४ लाख** अर्थात **५४.२ प्रतिशत** खर्च भएको छ।

**सभा अध्यक्ष महोदय,**

अब म उल्लेखित खर्चबाट यस अवधिमा भएका मुख्य -मुख्य उपलब्धीहरु पेश गर्दछु।

**पूर्वाधार विकास तर्फ**

बाँसगढी नगरपालिकाभित्र चालु आर्थिक बर्षको जेठ मसान्तसम्म सडक कालोपत्रे **२० किलो मिटर**, सडक ग्राभेल **२४ किलो मिटर**, सडक स्तरोन्नती **३२ किलो मिटर** निर्माण भएको छ। वडा नं. ३ र ७ को प्रशासनिक भवन निर्माण सम्पन्न भएको छ। १५ शैयाको नगर अस्पताल निर्माण कार्य अन्तिम चरणमा रहेको छ। मानव र वन्यजन्तु विचको द्वन्द न्यूनिकरणका लागि **६ किलो मिटर** तारजाली जडान भएको छ। ढलनिकासका लागि **५०० मिटर** नाली निर्माण भएको छ। सिंचाइका लागि **१७** स्यालो ट्यूववेल जडान कार्य सम्मन्न भएको छ। एक वडा एक गौरवका आयोजना अन्तर्गत ९ वटा रणनीतिक सडक निर्माण प्रारम्भ भएका छन्।

**शिक्षा,युवा तथा खेलकुद तर्फ**

बाँसगढी नगरपालिकाभित्र हाल सामुदायिक **३९**, धार्मिक **१** र संस्थागत **१६** गरी कुल **५६** वटा विद्यालयहरु संचालनमा रहेकाछन्। शैक्षिक सत्र २०८१ मा बाल विकासदेखि कक्षा १२ सम्म सामुदायिक विद्यालय तर्फ **११ हजार २०० जना**, संस्थागत विद्यालय तर्फ **६ हजार ५०० जना** गरी कुल **१७ हजार ७०० जना** विद्यार्थीहरु अध्ययन गरेका थिए। बाँसगढी नगरपालिकाको शैक्षिक सत्र २०८१ मा बाल विकास कक्षाको कुल भर्नादर **१०७ प्रतिशत**, बाल विकास केन्द्रको खुद भर्नादर **९९** प्रतिशत रहेको छ। बाँसगढी नगरपालिकाको कक्षा १ को कुल भर्नादर **१०५ प्रतिशत** रहेको छ। कक्षा १-५ को उत्तीर्णदर **९६ प्रतिशत**, कक्षा ६-८ को उत्तीर्णदर **९६.३ प्रतिशत**, कक्षा ९-१० को उत्तीर्णदर ८८ प्रतिशत तथा कक्षा ११-१२ को उत्तीर्णदर **७५.४** प्रतिशत रहेको छ। खेलकूल विकास समिति गठन भई क्रियाशील रहेको छ। खेलकूलका विभिन्न विधाहरुमा नगरपालिकाले उत्कृष्ट नतिजा हासिल गरेको छ। बासगढीका खेलाडी सधै अगाडि भन्ने नाराले सार्थकता पाएकोछ।

**स्वास्थ्य तर्फ**

यस बाँसगढी नगरपालिका अन्तर्गत १ वटा नगर अस्पताल, २ वटा स्वास्थ्य चौकी, ६ वटा आधारभूत स्वास्थ्य केन्द्र र २ वटा सहरी स्वास्थ्य केन्द्र, १५ वटा गाउँघर क्लिनिक र २५ वटा खोप केन्द्रबाट आधारभूत स्वास्थ्य सेवाहरु प्रवाह भइरहेको छ। **१०३** जना सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गरिएको छ। नगर अस्पतालबाट निशुल्करुपमा सिकेलसेल जाँच तथा उपचार सेवा प्रारम्भ गरिएको छ। **८०० जना** महिलाहरुलाई पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ शिविर संचालन गरिएको छ। नगर अस्पतालमा डाक्टर सहितको विहान ७ देखि वेलुका ७ सम्म आकस्मिक तथा नियमित सेवा प्रदान गरिएको छ। मानसिक स्वास्थ्य र आयुर्वेद स्वास्थ्य सम्बन्धी कार्यक्रम संचालन गरिएको छ। पूर्ण सोप सुनिश्चितताका लागि सबै प्रकारका निर्धारित खोप अभियानहरु सघनरुपमा संचालन भएका छन्। १५ शैयाको आधारभूत नगर अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

**महिला, बालबालिका, जेष्ठ नागरिक तथा सामाजिक समावेशीकरण तर्फ**

**"एक छोरी एक बैंक खाता"** कार्यक्रम मार्फत हाल सम्म **६८७ जना** छोरीहरु लाभान्वित भएका छन्। सुत्केरी महिला तथा नवजात शिशुको पोषणस्तरको ख्याल गर्दै सुत्केरी महिलालाई ध्यू, मह तथा अन्य पोषण सामाग्री, सेनिटरी प्याड लगायतका सामाग्रीहरु **"सुत्केरी महिलालाई कोसेली प्रदान कार्यक्रम"** मार्फत उपलब्ध गराइएको छ। असहाय, अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई घर दैलोमा स्वास्थ्य जाँच गरी निःशुल्क औषधी वितरण गरिएको छ। निरन्तर रुपमा जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि परिचयपत्र वितरण कार्य गरिएको छ। महिला उद्यमशिलता, सशक्तिकरण र सिप विकासका कार्यक्रमहरु कार्यान्वयनमा आई नेतृत्व विकास र उद्यमशिलता प्रवर्धन भएको छ।

**खानेपानी, सरसफाई तथा फोहरमैला ब्यवस्थापन तर्फ**

बाँसगढी नगरपालिकामा सरसफाई केन्द्र स्थापना गरी नगरका बजार क्षेत्रबाट फोहोर ब्यवस्थापन सम्बन्धी कार्य नियमित रुपमा भइरहेको छ। ११ वटा टोललाई पूर्ण स्वस्थकर ब्यवहार उन्मुख टोल घोषणा गरी सकिएको छ। ७१ वटा खानेपानीका

बायोसेन्ड फिल्टर वितरण भएका छन् । सुरक्षित खानेपानी सुनिश्चितताको लागि संघ, प्रदेश र साझेदारहरुको सहकार्यमा खानेपानी आयोजनाहरुको संचालन तथा ब्यवस्थापन भएको छ । खानेपानी परिक्षण प्रयोगशाला स्थापना भइ संचालनको तयारीमा रहेको छ ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

यस आर्थिक बर्षको हालसम्म सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने कुल लाभग्राही संख्या **६ हजार ५ सय ८६** रहेको र तेस्रो त्रैमासिक सम्ममा निजहरुलाई **रु. १८ करोड ३५ लाख ८९ हजार ६ सय ५ रुपैया** बितरण गरिसकिएको छ । **७०** जना मृगौला रोगीहरुका लागि दिइदै आएको मासिक उपचार खर्च प्रदान गरिएको छ । ब्यक्तिगत घटना दर्ता तर्फ कुल **२२८०** घटना दर्ता भएका छन् ।

**कृषि विकास तर्फ**

५० प्रतिशत अनुदानमा किसानहरुलाई ९०० वटा सिंचाइ मोटर वितरण गरिएको छ । १३४ किसानलाई ५० प्रतिशत अनुदानमा पाडी वितरण गरिएको छ । कृषि वीमालाई निशुल्क गरिएको छ । किसानहरुलाई २८ वटा मिनि टिलर वितरण गरिएको छ । अनुदानमा उन्नत जातका धान र गहुँको बिउ उपलब्ध गराइएको छ । च्याउ तथा आलु खेती प्रबर्धन कार्यक्रम संचालन गरिएको छ । माटो परीक्षण प्रयोगशाला स्थापना गरिएको छ । आकस्मिक तथा नियमित प्राविधिक सेवा उपलब्ध गराइएको छ । किसान सूचिकरणको कार्य सम्पन्न भएको छ । किसान डायरी वितरण कार्य सुरु गरिएको छ ।

**पशुपंक्षी तथा मत्स्य विकास तर्फ**

पशुधन जोखिम न्यूनिकरणका लागि पशु वीमा कार्यक्रम मार्फत पशु वीमा वापत ३५ लाख प्रिमियम भुक्तानी गरिएको छ । उत्पादन साथमा अनुदान हातमा कार्यक्रम अन्तर्गत पशु सुत्केरी पोषण सुधारका लागि ८०० सुत्केरी भैसी को सुत्केरी पोषण भत्ता उपलब्ध गराइएको छ । हिउदे तथा बर्षे घाँसको विउ र आकस्मिक पशुपंक्षी उपचारका लागि औषधी तथा प्राविधिक सेवा उपलब्ध गराइएको छ ।

**सहकारी तथा भूमि ब्यवस्थापन तर्फ**

सहकारीहरुको समन्वय, सहकार्य र नियमन सहजताका लागि नगरस्तरीय सहकारी संजाल गठन गरिएको छ । सहकारी क्षेत्रको नियमित अनुगमन तथा नियमन भएको छ । सहकारीहरुसँगको साझेदारीमा ८० जना महिलाहरुको लागि अचार उत्पादन तथा बजारीकरण सम्बन्धी तालिम संचालन भएको छ । सहकारीका व्यवस्थापक र अध्यक्षहरुसँग परामर्श कार्यशाला सञ्चालन गरिएको छ । जग्गा मुल्यांकन तथा वर्गिकरणका लागि भूउपयोग योजना बनाइएको छ । **८२००** भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अब्यवस्थित बसोबासीलाई निस्सा वितरण गरी नगरपालिकास्तरको नापनक्साको कार्य अन्तिम चरणमा पुगेको छ ।

**श्रम, रोजगार तथा उद्यम विकास तर्फ**

बृहत युवा सम्मेलन आयोजना गरी नगर रोजगार रणनीतिक योजना तर्जुमा गरिएको छ । युवा तथा महिलाहरुको लागि उद्यमशिलता, सीप विकास, प्रविधि हस्तान्तरण र पुनर्ताजकी कार्यक्रमहरु संचालन गरिएका छन् । राष्ट्रिय रोजगार कार्यक्रम संचालनमा आई सूचिकृत वेरोजगारहरुलाई १०० दिनको रोजगार उपलब्ध गराइएको छ ।

**सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह तर्फ**

कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता विकास कार्यक्रम भएको छ । वडा सचिव तथा अन्य कर्मचारीहरुलाई डिजिटल साक्षरता तथा सेवा प्रवाहका सम्बन्धमा अभिमुखीकरण गरिएको छ । हाल सम्म **१८३५०** जना सेवाग्राहीलाई प्रत्यक्ष सेवा प्रवाह गरिएको छ । चौमासिक सार्वजनिक सुनुवाई तथा प्रगति समिक्षा सम्पन्न भएका छन् । लोकल डेटा सेन्टर स्थापना गरी

डिजिटल बाँसगढी भर्सन २ मार्फत विद्युतीय शासन पद्धती तर्फको यात्रा प्रारम्भ भएको छ । स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा ९५ अंक सहित प्रदेशमा उत्कृष्ट अंक प्राप्त गर्ने नगरपालिकाभित्र पर्न सफल भएको छ । आर्थिक बर्ष २०८०/०८१ मा ०.५ प्रतिशत न्यून वेरुजु भई ग्रीन जोनमा पर्न सफल भएको छ ।

**न्यायिक कार्यसम्पादन तर्फ**

चालु आर्थिक बर्षमा न्यायिक समितिमा दर्ता भएका ३५ उजुरी/गुनासो रहेकोमा २७ फछर्यौट भएका छन् । मेलमिलाप कर्ता र न्यायिक समिति सदस्यहरुलाई क्षमता बिकास र मानब अधिकार सम्बन्धी तालिम प्रदान गरिएको छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ**

चालु आर्थिक बर्षको जेठ मसान्तसम्म **१५१** परिवारलाई राहत तथा आर्थिक सहायता वितरण गरिएको छ । नगरपालिका क्षेत्रभित्र ५००० भन्दा बढी फलफुल तथा विरुवा रोपण गरिएको छ । दमकल र एम्बुलेन्स सेवा संचालन गरिएको छ ।

**सभाका अध्यक्ष महोदय**,

अव म उल्लेखित प्रगतीका क्रममा भोगिएका मुख्य मुख्य समस्या तथा चुनौतिहरु प्रस्तुत गर्दछु ।

**समस्या तथा चुनौतीहरु**

- अर्थतन्त्रमा आएको मन्दीसँगै राजश्व बाँडफाँड, समानीकरण अनुदान तथा आन्तरिक राजश्व तर्फ प्राप्त सिलिङ तथा अनुमान बमोजिमको रकम प्राप्त हुन नसक्नु,
- तहगत सरकारका बाँझिएका कानूनका कारण कार्यसम्पादनमा असहज हुनु ।
- सार्वजनिक निर्माणलाई गुणस्तरीय र समयमै सम्पन्न गर्नु ।
- असिमित जनकांक्षा र सीमित स्रोत साधन बीच तालमेल गरी अधिकतम जनसन्तुष्टी कायम गर्नु ।
- विकास निर्माण र व्यवस्थापनमा अर्थपूर्ण जनसहभागीता कायम गर्नु ।
- जनप्रतिनीधि र कर्मचारी प्रतिको नागरिकको दृष्टिकोण सकारात्मक तुल्याउनु ।

उल्लेखित उपलब्धी, समस्या र चुनौतिका आधारमा आर्थिक वर्ष २०८२।८३ को बजेट तथा कार्यक्रम निर्माणका निम्नलिखित आधारहरु प्रस्तुत गर्दछु ।

- नेपालको संविधान,
- संघ,प्रदेश र स्थानीय तहका आवधिक योजना,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- संघ,प्रदेश र स्थानीय तहका कानूनहरु,
- दिगो विकासका लक्ष्य २०१६ देखि २०३०,
- बाँसगढी नगरपालिकाको आर्थिक बर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम,
- विभिन्न सरोकारवालासँगको छलफलबाट प्राप्त सुझाव तथा नगरवासी जनताका आवश्यकता र अपेक्षा ।

**सभाध्यक्ष महोदय,**

उपलब्ध अवसरलाई मनन् गर्दै स्थानीय उत्पादन, उत्पादकत्व र रोजगारीको अवसर बढाउने एवम् भौतिक, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण गरी समृद्धि हासिल गर्न आधार तयार गर्ने तर्फ यो बर्षको बजेटमा जोड दिएको छु । विकासको समन्यायिक वितरण गरी समावेशी विकास गर्नुपर्ने आवश्यकता महसुस गरी बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु । आर्थिक वर्ष २०८२/०८३ को बजेटका उद्देश्य तथा प्राथमिकताहरु देहाय बमोजिम रहेका छन् :

**बजेटका उद्देश्यहरु**

- गुणस्तरीय भौतिक पूर्वाधार र सडक सञ्जालको विकास गर्ने,
- विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि गरी खेलकुदको माध्यमबाट सक्षम विद्यार्थी तयार गर्ने,
- कृषियोग्य भूमिको उर्वराशक्ति पुनर्स्थापना गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,

- उद्यमशील, स्वरोजगार र स्वावलम्बी नागरिक तयार गर्ने,
- सुशासन र प्रविधिमैत्री सेवा प्रवाह मार्फत सार्वजनिक सेवाको गुणस्तर अभिबृद्धि गर्ने ।

उल्लेखित उद्देश्यहरु पुरा गर्न सम्मानीत सभा समक्ष बाँसगढी नगरपालिकाको आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रमको प्राथमिकताहरु निर्धारण गरेको छु ।

**बजेटका प्राथमिकताहरु**

- दिगो पूर्वाधार विकास
- शिक्षा र स्वास्थ्य,
- कृषि तथा पशुपंक्षि विकास, रोजगारी र उद्यमशीलता
- वन, वातावरण र विपद् ब्यवस्थापन
- सुशासन र संस्थागत विकास

**सभा अध्यक्ष महोदय,**

अव म आर्थिक वर्ष २०८२/८३ का मुख्य मुख्य बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्दछु ।

**विकासको आधार : दिगो र गुणस्तरीय पूर्वाधार**

**एक वडा एक गौरव** सडक पूर्वाधार आयोजना तर्फ रणनैतिक सडकका लागि **रु. २३ करोड ९५ लाख** विनियोजन गरेको छु । बबइ सिंचाइ आयोजनाबाट सिंचित हुन नसकेका खेतियोग्य क्षेत्रमा सिंचाइ सुविधा पुर्याउन विद्युतिकरण सहितको वृहत सिंचाइ आयोजना निरन्तरताको लागि **रु. ४५ लाख** विनियोजन गरेको छु । संघ, प्रदेस र नगर विकास कोष समेतको साझेदारीमा आगामी २ बर्ष भित्र सबै घरधुरीमा सुरक्षित खानेपानी पुर्याउन **बाँसगढी वृहत सहलगानी खानेपानी आयोजनाको** लागि आबश्यक रकम विनियोजन गरेको छु । निर्मित संरचनाको दिगोपना र शिघ्र मर्मतका लागि मर्मत संभार कोष तर्फ आवश्यक रकम विनियोजन गरेको छु । पुर्वाधार विकास साझेदारीका लागि समपुरक तर्फ **रु. २ करोड ६० लाख** विनियोजन गरेको छु । पुर्वाधार विकास तर्फ जम्मा **रु. ३४ करोड ६२ लाख** विनियोजन गरेको छु ।

**शिक्षामा लगानी : मानवीय पुँजी निर्माणको थालनी**

गुणस्तरीय विद्यालय पूर्वाधार निर्माणका लागि **रु १ करोड २५ लाख** विनियोजन गरेको छु । विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि विज्ञान विषयमा कक्षा ११ र १२ अध्ययन गर्न **नगर उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका** लागि आवश्यक रकम विनियोजन गरेको छु । विद्यालयलाई प्रविधिमैत्री बनाउन रकम विनियोजन गरेको छु । नि:शुल्क तथा गुणस्तरीय शिक्षाका लागि मुख्य विषयहरुमा अतिरिक्त कक्षा संचालन, पढदै कमाउदै कार्यक्रम, हरित विद्यालय कार्यक्रम, संगीतमय पि. टी. तथा लेखन सुधार कार्यक्रम समेतका लागि आवश्यक बजेट विनियोजन गरेको छु । यस क्षेत्रमा रहेका बहुमुखी क्याम्पसहरुलाई दिदै आएको अनुदानलाई निरन्तरता दिएको छु । नगर अनुदान शिक्षकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रमका लागि **रु. १५ लाख** विनियोजन गरेको छु । **बाँसगढीका खेलाडी सधै अगाडि कार्यक्रम** संचालन गर्न नगर खेलकूद विकास समिति तर्फ **रु. ३० लाख** विनियोजन गरेको छु । **एक वडा एक नमूना विद्यालय** कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । नगरस्तरीय खेल मैदान लगायत खेल मैदानहरुको स्तरोन्नतीका लागि आवश्यक रकम विनियोजन गरेको छु । शिक्षा, युवा, खेलकूद तर्फ **रु.३१ करोड १७ लाख** विनियोजन गरेको छु ।

**स्वास्थ्यमा लगानी: स्वस्थ जिन्दगानी**

आधारभूत नगर अस्पतालका लागि उपकरण खरिद, ब्यवस्थापन,गुणस्तरीय प्रयोगशाला र विषेशज्ञ सेवा संचालनका लागि **रु. ८० लाख** विनियोजन गरेको छु । नगर अस्पतालको नवनिर्मित भवन सम्पन्न गर्न आवश्यक रकम विनियोजन गरेको छु । सामुदायिक महिला स्वास्थ्य स्वयमसेविकाहरुका लागि सामाजिक सुरक्षा कोष तर्फ **रु. २७ लाख** विनियोजन गरेको छु ।

सिकलसेल एनिमिया तथा थाल्सेमियाको जाँच तथा उपचारको लागि आवश्यक रकम विनियोजन गरिएको छ । ८० बर्ष उमेर पुगेका जेष्ठ नागरिक, प्रसुति महिला तथा क वर्गका अपाङ्गता भएका ब्यक्तिका लागि नि:शुल्क एम्बुलेन्स सेवा संचालन तथा एम्बुलेन्स खरिदका लागि **रु. २४ लाख** विनियोजन गरेको छु । पूर्ण स्वस्थकर ब्यवहार उन्मुख टोल तथा पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा र नि:शुल्क औषधी ब्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु । योग, ध्यान तथा प्राकृतिक/ बैकल्पिक चिकित्साका लागि आवश्यक रकम विनियोजन गरेको छु । मदन-आश्रित स्मृति पार्क बाँसगढीमा खुला ब्यायामशाला निर्माणका लागि आवश्यक रकम विनियोजन गरेको छु । वहु क्षेत्रिय पोषण कार्यक्रम संचालन गर्न रकम विनियोजन गरेको छु । स्वास्थ्य तथा सरसफाई तर्फ **रु. ५ करोड १९ लाख** रकम विनियोजन गरेको छु ।

**कृषिमा उत्पादकत्व वृद्धि: बाँसगढीको समृद्धि**

कृषि उत्पादनमा प्रति एकाई लागत घटाई आधुनिकरण र ब्यवसायिकरण गर्न ५० प्रतिशत अनुदानमा मिनि टिलर हस्तान्तरण कार्यक्रमका लागि **रु. ९० लाख** विनियोजन गरेको छु । गहुँ, मकै, आलु, च्याउ को बिउमा अनुदान तथा कृषि वीमाको लागि आवश्यक रकम विनियोजन गरेको छु । किसानको सम्मान हाम्रो अभियान अन्तर्गत किसान परिचय पत्र तथा किसान डायरी र हाट वजार ब्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । **अर्गानिक उत्पादनमा बाँसगढी** कार्यक्रमका लागि प्राङगारिक मल कारखाना निर्माण तथा संचालन गर्न **रु. १ करोड ६५ लाख** विनियोजन गरेको छु । कृषि जैविक विविधता संरक्षण तथा सामुदायिक विउ विजन सुदृढीकरण कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । पशुपालक किसानलाई ५० प्रतिशत अनुदानमा विद्युतीय चारा मेसिन हस्तान्तरण कार्यक्रमका लागि **रु. ६३ लाख** विनियोजन गरेको छु । पशुपंक्षि वीमा कार्यक्रमलाई निरन्तरता दिन **रु. ३८ लाख** विनियोजन गरेको छु । सुत्केरी पशु पोषण कार्यक्रमलाई निरन्तरता दिन **रु. २० लाख** विनियोजन गरेको छु । पाडी पालन कार्यक्रम, पशु खोप सेवा कार्यक्रम र गौशाला ब्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु । बाख्रा प्रवर्धन कार्यक्रम, घाँसे वाली स्रोत केन्द्र तथा गाईभैसी स्रोत केन्द्र कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । कृषि तथा पशुपंक्षि विकास कार्यक्रम तर्फ **रु. ४ करोड ९२ लाख** विनियोजन गरेको छु ।

**"सबैका लागि समान अवसर: समावेशी बाँसगढीको आधार!"**

बालविवाह, लागुऔषध दुर्व्यसनी लगायतका सामाजिक विकृति विरुद्धका अभियान संचालनका लागि रु. १० लाख विनियोजन गरेको छु । लैङगिक समताका लागि एक छोरी एक बैक खाता कार्यक्रम निरन्तरताको लागि रु. १५ लाख विनियोजन गरेको छु । विपन्न दलित, जेष्ठ नागरिक, अपाङ्गता भएका ब्यक्ति, बालबालिका, अल्पसंख्यक, सिमान्तकृत, यौनिक तथा अल्पसंख्यक लक्षित कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । असंगठित तथा जोखिमयुक्त क्षेत्रका श्रमिक तथा द्वन्द पिडित महिलाहरुका लागि जीवन वीमा कार्यक्रम तर्फ आवश्यक रकम विनियोजन गरेको छु । मानवीय सेवा र असहायहरुका लागि कपडा बैंक स्थापना गर्न आवश्यक रकम विनियोजन गरेको छु । महिला, बालबालिका, जेष्ठ नागरिक र समावेशीकरण तर्फ **रु ५७ लाख** विनियोजन गरेको छु ।

**बाँसगढीका युवा र महिला: उद्यमशिलतामा पहिला**

बाँसगढीका युवाहरुको सीप, प्रविधि र ब्यवसायिकता विकासका लागि उद्यमशिलता विकास कार्यक्रम संचालन गर्न **रु. २० लाख** विनियोजन गरेको छु । **रिटर्नी युवा** कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु । असंगठित क्षेत्रका श्रमिकको श्रम शोषण तथा ठगी न्यूनिकरणका लागि श्रम कार्ड मार्फत नियमन गर्न आवश्यक रकम विनियोजन गरेको छु । श्रम, रोजगार तथा उद्यमशिलता तर्फ **रु. ४४ लाख** विनियोजन गरेको छु ।

**सुन्दर,सफा, गाउँ - सहर : बाँसगढी बासीको रहर**

Green and Clean बाँसगढीका लागि फोरमैला तथा सरसफाई कार्यक्रम संचालन गर्न **रु. २० लाख** विनियोजन गरेको छु । बैकल्पिक उर्जा प्रवर्धनका लागि साझेदारीमा सुधारिएको चुलो, बायोग्यास र विद्युतीय चुलो वितरणका लागि आवश्यक रकम विनियोजन गरेको छु । विपद् पूर्व तयारी, प्रतिकार्य तथा विपद् जोखिम न्यूनिकरणका लागि **रु. ३८ लाख** विनियोजन गरेको छु । मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि आवश्यक रकम विनियोजन गरेको छु । **समृद्धिका लागि वन परियोजना** तर्फ **रु. ४५ लाख** विनियोजन गरेको छु । वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ **रु. १ करोड २० लाख** विनियोजन गरेको छु ।

**प्रविधिमैत्री र पारदर्शी प्रशासन : सेवा प्रवाहमा सुशासन**

सस्थागत विकास, सेवा प्रवाह र सुशासनका लागि जनशक्ति, जनप्रतिनिधी र जनसहभागिताको विकास गरी स्थानीय सरकार र जनताबिचको सम्बन्ध सुमधुर बनाउन क्षमता विकासका कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । **हाम्रो कर : हाम्रै लागि** भन्ने मान्यतालाई कार्यान्वयन गर्न करदाता शिक्षा र ब्यवसायिक वीमा कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु । स्थानिय उत्पादनको बजारीकरण र प्रवर्धनको लागि बाँसगढी उद्योग वाणिज्य संघको सहकार्यमा कोशेली घर निर्माण गर्न रकम विनियोजन गरेको छु । विकास र सेवा प्रवाहका विषयमा जनगुनासो तथा सुझाव प्राप्त गर्न र असल अभ्यासहरुको उजागर गर्न **जनतासँग जनप्रतिनिधि** कार्यक्रम र **हाम्रो नगरपालिका : राम्रो नगरपालिका** कार्यक्रम संचालन गर्न आवश्यक रकम विनियोजन गरेको छु ।

मेलमिलाप तथा न्यायिक निरुपणलाई सुव्यवस्थित गर्न न्यायिक समिति संचालन तथा ब्यवस्थापनका लागि रु. **१५ लाख** विनियोजन गरेको छु । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अब्यवस्थित बसोबासीहरुलाई जग्गा नापनक्सा गरी जग्गा धनी पूर्जा वितरणका लागि आवश्यक रकम विनियोजन गरेको छु । सहकारी प्रवर्धन तथा नियमनका लागि रकम विनियोजन गरेको छु । नगर प्रहरी गठन तथा परिचालनका लागि आवश्यक रकम विनियोजन गरेको छु । नगरपालिकाको संचित कोषबाट पारिश्रमिक भुक्तानी हुने सेवा करार तर्फका कर्मचारीहरुको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कोष कार्यक्रमका लागि **रु. ५५ लाख** विनियोजन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आर्थिक वर्ष २०८२।८३ को आय तथा व्यय अनुमान पेश गर्दछु ।

चालु तर्फ संघीय सरकारको **रु. ३० करोड ५५ लाख** र नगरपालिका तर्फको **रु. १४ करोड ४ लाख सहित रु. ४४ करोड ५९ लाख** कुल विनियोजनको **४७.३० प्रतिशत** विनियोजन गरेको छु । पुँजीगत तर्फ संघीय सरकारको **रु. ३ करोड ४ लाख**, प्रदेश सरकारको रु. **२ करोड ४७ लाख** र नगरपालिका तर्फ **रु. ४४ करोड १५ लाख** गरी जम्मा **रु. ४९ करोड ६६ लाख कुल विनियोजनको ५२. ७० प्रतिशत** विनियोजन गरेको छु ।

वडा कार्यालयको प्रशासनिक खर्च रु. **३१ लाख ५० हजार** र नगरपालिका तर्फ रु. **१३ करोड ७२ लाख ५० हजार** सहित प्रशासनिक खर्च **रु. १४ करोड** ४ लाख कुल विनियोजनको **१४.८९ प्रतिशत** मात्र विनियोजन गरेको छु । प्रशासनिक खर्चलाई वाञ्छित सिमा भित्र कायम गरेको छु ।

उल्लेखित कुल व्ययका लागि संघीय सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान **रु. १५ करोड ६१ लाख**, शसर्त अनुदान **रु. ३२ करोड ७० लाख**, संघीय समपुरक अनुदान **रु. ८९ लाख** र राजस्व बाँडफाँड **रु. १४ करोड ५१ लाख** गरी जम्मा रु. **६३ करोड ७० लाख**, प्रदेश सरकारको वित्तीय समानिकरण अनुदान **रु. १ करोड ७ लाख** , प्रदेश सशर्त अनुदान रु. **१ करोड १० लाख**, समपुरक अनुदान **रु. १ करोड २० लाख** र राजस्व बाँडफाँड तर्फ **रु.२ करोड ५० लाख** गरी जम्मा **रु. ६ करोड ४१ लाख** र रोयल्टी बाँडफाँटबाट **रु. ७५ लाख**, घरजग्गा रजिष्ट्रेशन तर्फ रु**. २ करोड ७५ लाख** र चालु आर्थिक

बर्षको अनुमानित मौज्दात **रु. १६ करोड** गरी जम्मा रु. **९४ करोड २५ लाख** आय अनुमान गरेको छु । अर्थतन्त्रमा आएको शिथिलता, कार्यान्वयनमा आएको ब्यवधान र यथार्थपरक आय अनुमानको आवश्यकताका कारण चालु आर्थिक बर्षको प्रस्तावित आय अनुमान **रु. १०६ करोड** को तुलनामा आगामी वर्षको आय अनुमान **रु. ११ करोड ७५ लाख ( ११ प्रतिशत)** ले कमी हुन आएको छ ।

चालु आर्थिक वर्षको आन्तरिक राजश्व तर्फको अनुमान **रु. ३५ करोड १७ लाख** भएकोमा आगामी आर्थिक वर्षमा आन्तरिक आय तर्फ राजश्वको अनुमान **रु. २१ करोड** गरेको छु । कर, शुल्क तथा दस्तुरलाई वैज्ञानिक तुल्याउँदै करका दायराहरु बढाएको छु । आधारभूत करका दरहरुलाई न्यूनिकरण गरी नयाँ क्षेत्रहरु पहिचान गरिएको छ । राजश्व प्रशासन सुधार तथा करदाता शिक्षा अभियानलाई करदातामैत्री बनाई आन्तरिक आय वृद्धि हुने विश्वास लिएको छु ।

**सभाध्यक्ष महोदय,**

प्रस्तुत आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम निर्माणका लागि आफ्ना अमूल्य राय, सूझाव र मार्गदर्शन गर्नुहुने नगरप्रमुख तथा सम्पुर्ण जनप्रतिनिधीज्यूहरु, रचनात्मक सुझाव प्रदान गर्नुहुने राजनीतिक दल, संघसंस्था, समाजसेवी, बुद्धिजिवी, सञ्चारकर्मी लगायत आम नगरवासी एवम् बजेट तथा कार्यक्रम तयारीका लागि अहोरात्र खट्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पुर्ण राष्ट्रसेवकहरुमा हार्दिक धन्यवाद एवम् आभार व्यक्त गर्दछु । प्रस्तुत बजेट तथा कार्यक्रमको कार्यान्वयनमा समेत यहाँहरुको अर्थपूर्ण सहभागीता र सहकार्य हुने विश्वास लिएको छु ।

**धन्यवाद ।**

इन्दिरा चौधरी
(नगर उपप्रमुख)

ईति सम्बत २०८२ साल असार महिनाको ९ गते रोज २ शुभम् ।